## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२

<u>प्रस्तावना</u>

२०७२ बैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका परकम्पका कारणबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत प्राप्त हुने सहयोगलाई सरल, सहज, पारदर्शी, एकीकृत एवं प्रभावकारी ढंगले परिचालन गर्न एवं ती संस्थाहरुको समन्वय प्रभावकारी बनाउन ***भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण गर्ने सम्बन्धमा बनेको ऐन, २०७२*** को मर्म र भावना अनुरूप कार्यक्रमको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्यमा सहयोग पुऱ्याउन सोही ऐनको दफा ३१ ले दिएको अधिकारको प्रयोग गरी राष्ट्रिय **पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२** बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१.**<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**

(क) यस कार्यविधिको नाम "**पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२**" रहेको छ ।

(ख) यो कार्यविधि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिबाट पारित भएपछि तत्काल लागू हुनेछ ।

२.**<u>परिभाषा</u>**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ सम्झनु पर्दछ ।

(ख) "प्राधिकरण" भन्नाले ऐनद्वारा गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ सम्झनु पर्दछ ।

(घ) "उप क्षेत्रीय कार्यालय" भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत स्थापित उप क्षेत्रीय कार्यालय सम्झनु
पर्दछ ।

(ङ) “स्थानीय स्रोत केन्द्र” भन्नाले राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ को अनुसूची ५ वमोजिम गठित इकाई सम्झनु पर्दछ ।

(च) “केन्द्रीय आयोजना कार्यान्वयन इकाई” भन्नाले राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ वमोजिमका संरचनात्मक इकाईहरु सम्झनु पर्दछ ।

(छ) “अनुदान” भन्नाले प्राधिकरणका अतिरिक्त राष्ट्रिय /अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुले लाभग्राहीहरुलाई उपलब्ध गराउने सहयोगलाई सम्झनु पर्दछ ।

(ज) “लाभग्राही” भन्नाले भूकम्प प्रभावित जिल्लाहरुमा पुनर्निर्माण र पुनर्स्थापना कार्यबाट प्रत्यक्ष अप्रत्यक्ष लाभ प्राप्त गर्ने ब्यक्ति, परिवार, संस्था तथा समुदायलाई सम्झनु पर्छ ।

(झ) “गैरसरकारी संस्था” भन्नाले प्रचलित नेपाल कानून बमोजिम तोकिएको सरकारी कार्यालयमा दर्ता भएका मुनाफारहित संघ संस्था सम्झनु पर्दछ ।

(ञ) “अन्तर्राष्ट्रिय गैरसरकारी संस्था” भन्नाले समाज कल्याण ऐन, २०४९ को दफा १२ वमोजिम कार्य गर्न अनुमति प्राप्त संस्था सम्झनु पर्दछ ।

(ट) “कोष” भन्नाले राष्ट्रिय पुनर्निर्माण कोष सम्झनु पर्दछ ।

(ठ) “अन्य सहयोगदाता” भन्नाले पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने स्वदेशी वा विदेशी ब्यक्ति, परिवार, सामुदायिक संस्था वा संस्थागत सामुदायिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्ने नीजि क्षेत्र समेतलाई जनाउँछ ।

(ड) “साझेदार संस्था” भन्नाले राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा अन्य सहयोग दाता वा ती संस्थाहरु मध्ये एक वा एक भन्दा बढी संस्थाहरुको समूहलाई जनाउँछ ।

**३.कार्यविधिको उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहायवमोजिम रहेको छ :

क) पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्न चाहने विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट संचालन गरिने क्रियाकलाप तथा अन्य सहयोगलाई एकीकृत, समन्वयात्मक एवं न्यायोचित ढंगले परिचालन गर्न दिशानिर्देश गर्ने ।

ख) पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि प्राप्त हुने सहयोगलाई पारदर्शी एवं प्रभावकारी ढंगले परिचालन गर्ने, गराउने ।

ग) राष्ट्रिय एवं अन्तर्राराष्ट्रिय ज्ञान, सीप तथा स्रोतसाधनलाई भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण, पुनर्स्थापना तथा जीविकोपार्जनका कार्यहरुमा अधिकतम रुपमा उपयोग गर्ने वातावरण सिर्जना गर्ने ।

घ) पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यमा संलग्न हुने सरकारी निकाय, अन्तर्राष्ट्रिय दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय समुदाय एवं अन्य सरोकारवाला निकायहरुबीच विश्वासको वातावरण सिर्जना गरी कार्यसम्पादनमा एकरुपता कायम गर्ने ।

## परिच्छेद -२

## गैरसरकारी संस्था परिचालन सम्बन्धी मार्गदर्शक सिद्धान्त तथा कार्यक्षेत्र

४. **गैरसरकारी संस्था परिचालन सम्बन्धी मार्गदर्शक सिद्धान्त** : देहायका मार्गदर्शक सिद्धान्तहरुको अधीनमा रही साझेदार संस्थाहरुबाट प्राप्त हुने सहयोग परिचालन गरिनेछ :

(क) साझेदार संस्थाहरुबाट पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग परिचालन गर्दा प्राधिकरणको उद्देश्य हासिल गर्ने कुराबाट निर्देशित हुनेछ ।

(ख) साझेदार संस्थाहरुबाट पुनर्निर्माण, पुनर्स्थापना तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा एकद्वार प्रणाली अवलम्बन गरिनेछ ।

(ग) साझेदार संस्थाहरु परिचालन गर्दा प्राधिकरणले तोकेको भौगोलिक क्षेत्र एवं विषयगत रुपमा निश्चित क्षतिग्रस्त क्षेत्र तथा लाभग्राहीहरुलाई समेट्ने गरी गरिनेछ ।

(घ) परियोजना सञ्चालन गर्दा कुनै पनि भौगोलिक क्षेत्र वा विषयगत रुपमा दोहोरो नपर्ने व्यवस्था गरिनेछ ।

(ङ) कुनै भौगोलिक स्थान वा निश्चित विषयगत क्षेत्रमा कार्य गर्न प्रमुख साझेदार संस्था तोकी सो संस्था अन्तर्गत अन्य साझेदार संस्थाहरुको समूहीकरण गरी कार्य गर्न सकिनेछ । यस प्रयोजनका लागि प्रमुख साझेदार संस्था तोक्ने आधारहरु प्राधिकरणले निर्धारण गर्नेछ ।

५. **कार्यक्षेत्र** : भूकम्प प्रभावित क्षेत्रमा कुनै कार्यक्रम सञ्चालन गर्न चाहने साझेदार संस्थाहरुले देहायबमोजिमका कुनै एक वा एक भन्दा बढी क्षेत्रमा कार्य गर्न सक्नेछन् :

(क) ग्रामीण आवास तथा वस्ती विकास: यस अन्तर्गत गाउँ विकास समितिमा व्यवस्थित विकास गर्ने गरी पुनर्स्थापना, पुनर्वास, निजी आवासको पुनर्निर्माण, मर्मत, प्रबलीकरण एवं खानेपानी तथा सरसफाई लगायतका स्थानीय पूर्वाधार सम्बन्धी कार्यहरु ।

(ख) शहरी आवास तथा सम्पदा संरक्षण: नगरपालिकाहरुमा संरचना एवं वस्तीको पुनर्स्थापना, पुनर्वास, मर्मत, प्रवलीकरण, खानेपानी तथा सरसफाई लगायतका शहरी पूर्वाधार र शहरी तथा गाउँ विकास समितिका ऐतिहासिक सम्पदा तथा स्मारकहरुको पुनर्निर्माण तथा मर्मत सम्बन्धी कार्यहरु।

(ग) सामाजिक परिचालन तथा आर्थिक पुनर्स्थापना: मानवीय संसाधन विकास, आय आर्जन, जीविकोपार्जन, सीप विकास तालिम तथा स्वरोजगार लगायत आर्थिक तथा सामाजिक पुनर्स्थापना सम्बन्धी अन्य कार्यहरु।

(घ) सार्वजनिक भवन : सरकारी भवन तथा अन्य संरचना, विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक भवन, स्रोत केन्द्र आदिको डिजाइन तथा निर्माण सम्बन्धी कार्यहरु ।

(ङ) अन्य अन्तर्सम्बन्धित क्षेत्रहरु: प्राविधिक सहयोग, प्रकोप जोखिम न्यूनीकरण, परामर्श सेवा, प्रचार प्रसार, जनचेतना, निर्माण सामग्री तथा उपकरण वितरण, आपूर्ति श्रृंखला व्यवस्थापन, निर्माण सामग्रीको ढुवानी अनुदान, भूप्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु ।

(च) प्राधिकरणले तोकेका अन्य कार्यक्षेत्रहरु ।

**६. साझेदार संस्थाहरुको भूमिका** :पुनर्निर्माण तथा पुनर्स्थापनाको सन्दर्भमा साझेदार संस्थाहरुलाई दफा (५) मा उल्लेखित कार्यक्षेत्रहरुमा देहायबमोजिमका भूमिका निर्वाह गर्ने गरी परिचालन गरिनेछ :

(क) विपन्न बर्गका लाभग्राहीहरुलाई मूलप्रवाहीकरण गर्न प्राविधिक तथा अन्य प्रकृतिका क्षमता बढाउने तालिम कार्यक्रमहरु संचालन गर्ने ।

(ख) स्थानान्तरण गरिएका वस्तीहरुमा पूर्वाधार तथा जीवननिर्वाहका कार्यक्रमहरु संचालन गर्ने ।

(ग) क्षतिग्रस्त निजी आवासका अतिरिक्त सम्बन्धित निकायले तोकेको मापदण्ड अनुरूप भौतिक तथा सामाजिक पूर्वाधारहरुको पुनर्निर्माण गर्ने ।

(घ) पुनर्निर्माण कार्यमा नवीनतम प्रविधिका साथै मौलिक ज्ञान तथा हरित प्रविधिको विकासलाई प्रोत्साहन गर्ने।

ङ) २०७२ बैशाख १२ को भूकम्प र सो पछिका परकम्पले क्षति गरेका संरचनाहरुको पुनर्निर्माण गर्दा स्वीकृत मापदण्ड, डिजाइन, निर्माण विधि र गुणस्तरीय निर्माण सामाग्रीको उपयोग गर्ने गराउने ।

च) सार्वजनिक क्षेत्रका संरचना निर्माण तथा मर्मत सम्बन्धी कार्यहरु गर्ने।

७. **साझेदार संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु** :(१) पुनर्निर्माण, पुनर्स्थापना तथा जीविकोपार्जनका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा साझेदार संस्थाहरुले देहाय बमोजिमका शर्तहरूको अधीनमा रही गर्नु पर्नेछ :

(क) प्राधिकरणले भौगोलिक क्षेत्र सुहाँउदो पुनर्निर्माण सम्बन्धी आवश्यकतालाई दृष्टिगत गरी कार्यक्षेत्र तोक्दा स्रोतको नक्सांकन गरी परियोजना प्रस्ताव माग गर्नेछ । गैरसरकारी संस्थाले संलग्न अनुसूची -१ बमोजिमको परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ । परियोजना प्रस्तावमा आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति आफ्नै वा प्रतिवद्ध अन्य स्रोतबाट व्यवस्था गरेको हुनुपर्नेछ । नेपाल सरकारसँग भएका द्वीपक्षीय तथा बहुपक्षीय सम्झौता बमोजिमको रकम दफा ७(२)(क) बमोजिको निजी आवास अनुदानमा उपयोग गर्न पाइनेछैन । साथै स्रोत उपलब्धताको प्रमाण पेश गर्नुपर्नेछ।

(ख) तर यो कार्यविधि लागू हुनु अगावै नेपाल सरकारका संबद्ध निकायहरुसँग पुनर्निर्माण तथा जीविकोपार्जनको लागि गरेका सम्झौता तथा सहमतीहरुका हकमा त्यस्ता सम्झौता तथा सहमतिहरु प्राधिकरणको ऐन अनुरुप परिमार्जन गर्न आवश्यक देखिए परिमार्जन गरी पुनर्निर्माण सम्बन्धी नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डहरुको आधारमा प्राधिकरण, कार्यान्वयन गर्ने निकाय वा सम्बद्ध जि.वि.स. र सम्बद्ध संस्थाका बीचमा संलग्न अनुसूची २ बमोजिमको त्रिपक्षीय सम्झौता गरी कार्यसञ्चालन गरिनेछ ।

(ग) साझेदार संस्थाले स्थानीयस्तरमा रकम संकलन नगर्ने तथा प्राधिकरणमा सूचीकृत भएपछि सम्झौतामा उल्लिखित कार्यक्रमका लागि स्रोतको खोजी नगरिने प्रतिवद्धता परियोजना प्रस्तावमा नै घोषणा गर्नुपर्नेछ।

(घ) प्राधिकरणले दफा ७ (ख) बमोजिमको परियोजना प्रस्तावको अध्ययन गरी स्वीकृत मापदण्ड भित्र रहेमा सो प्रस्ताव स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिनेछ र प्राधिकरण, कार्यान्वयन गर्ने निकाय वा सम्बद्ध जि.वि.स. र सम्बद्ध साझेदार संस्थाहरुको बीचमा अनुसूची २ बमोजिम त्रिपक्षीय सम्झौता हुनेछ ।

(ङ) साझेदार संस्थाहरुले कार्यक्रम संचालन गर्दा प्राधिकरणको उपक्षेत्रीय कार्यालय वा उक्त कार्यालयद्धारा जिल्ला वा श्रोत केन्द्रमा तोकिएका अधिकृतको प्रत्यक्ष अनुगमन र निर्देशनमा रही गर्नु पर्नेछ । त्यस्तै साझेदार संस्थाले सम्बन्धित आयोजना कार्यान्वयन इकाई तथा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं स्थानीय निकायसंगको समन्वय र जानकारीमा कार्यक्रमहरु संचालन गर्नु पर्नेछ ।

(च) कुनै वडामा कार्यक्रम सञ्चालन गर्दा वडा नागरिक मञ्च वा स्थानीय विपद् व्यवस्थापन समितिको सम्पर्कमा रही कार्य पूरा गर्नु पर्नेछ । यसरी सञ्चालित कार्यक्रमहरुको जिल्ला समन्वय समितिले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) क्षतिग्रस्त निजी आवासको पुनर्निर्माण गर्ने व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) निजी आवास पुनर्निर्माणका लागि लाभग्राही घरधुरी छनौट गर्दा प्राधिकरणले स्थान र क्लष्टर छुट्याई सिफारिस गर्नेछ । यसरी सिफारिस गरिएपछि कार्यान्वयनका लागि उपक्षेत्रीय कार्यालय र जिल्ला समन्वय समिति एवं कार्यान्वयन निकायहरुलाई जानकारी गराइनेछ ।

(ख) नीजि आवासमा काम गर्न चाहने संघसंस्थाले बिस्तृत विवरण सहितको परियोजना प्रस्ताव सहितको परियोजना प्रस्ताव प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ ।

(ग) नीजि आवास पुनर्निर्माणका लागि सहयोग गर्ने साझेदार संस्थाहरुलाई सम्भव भएसम्म प्राधिकरणको पुनर्निर्माण कोषमा रकम जम्मा गर्न प्रोत्साहित गरिनेछ । तर कुनै साझेदार संस्थाले पुनर्निर्माण कोषमा रकम जम्मा नगरी सिधै आवास पुनर्निर्माण अनुदान वितरण गर्न चाहेमा "भूकम्पबाट क्षतिग्रस्त भएका नीजि आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२" मा उल्लेखित विधि तथा प्रकृया बमोजिम बैङ्किक प्रणाली मार्फत किस्ताबन्दी रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(घ) नीजि आवासमा काम गर्न चाहने संघसंस्थालाई निम्न क्षेत्रहरुमा निजी आवास निर्माणमा काम गर्नका लागि प्रोत्साहित गरिनेछ :

१) पुनर्वास तथा वस्ती स्थानान्तरण,

२) अति विपन्न परिवार, विपन्न दलित, नावालक सन्तान मात्र भएका विधवा र एकल महिलाको परिवार, ७५ वर्ष नाघेका ज्येष्ठ नागरिक मात्र सदस्य भएको परिवार, अपांगता भएका एकल व्यक्तिको लागि व्यक्तिगत आवास ।

३) तोकिएको दुर्गम क्षेत्रमा निजी आवास पुननिर्माणका लागि आवश्यक पर्ने ढुवानी व्यवस्थापन ।

(३) उपदफा (७)(२)(क) बमोजिम सिफारिस भएका लाभग्राहीहरुलाई "भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२" बमोजिम रु दुई लाख मात्र बैंकिङ्ग प्रणाली मार्फत सम्बन्धित घर धनीद्धारा पुनर्निर्माण गर्ने गरी स्वनिर्माणको अवधारणामा आधारित भई उपलब्ध गराउनु पर्नेछ। तर दफा (७)(२)(घ) को (१), (२) र (३) मा उल्लिखित कार्यक्षेत्रका लागि आवास पुनर्निर्माण अनुदान उपलब्ध गराउँदा प्रति लाभग्राही बढीमा रु. दुई लाख पचास हजार सम्मको आवास अनुदान उपलब्ध गराउन सकिनेछ । साथै आवास पुनर्निर्माणसँगै आधारभूत सामुदायिक पूर्वाधार तथा आर्थिक उपाजर्नका कार्यक्रमहरु संचालन गर्न संघसंस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

(४) क्षतिग्रस्त निजी आवास पुनर्निर्माण सम्बन्धी प्रस्ताव पेश गर्दा सम्बन्धित घरधनीद्धारा नै पुनर्निर्माण गर्ने गरी स्वनिर्माणको अवधारणालाई अवलम्बन गरी निश्चित भौगोलिक क्षेत्रभित्र रहेका अन्तर्राष्ट्रिय गैरसकारी संस्थाहरुका हकमा कम्तीमा पनि २५० वटा र राष्ट्रिय गैरसरकारी संस्था एवं अन्य सहयोग दाताका हकमा कम्तिमा ५० वटा नीजि आवास सहित तोकिएका आधारभूत स्थानीय पूर्वाधारका योजनाहरुको निर्माणमा समेत योगदान पुग्ने गरी कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ । तर दफा (७)(२)घ) को १), २) र ३) अनुसारका क्षेत्रहरुमा भने प्राधिकरणले उक्त संख्यामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । साथै दफा (७)(२)घ)२) अनुसारका परिवारहरुको पहिचान प्राधिकरणले तोकेको मापदण्डका आधारमा हुनेछ।

(५) साझेदार संस्थाहरुले कार्यक्रम संचालन गर्दा प्रचलित नेपाल कानून तथा राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ लगायतका राष्ट्रिय नीति तथा कार्यक्रमहरुमा उल्लेखित राष्ट्रिय प्राथमिकताको आधारमा पालना गर्नुपर्नेछ ।

(६) साझेदार संस्थाहरुले आवास, भवन तथा अन्य भौतिक संरचनाहरुको पुनर्निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा क्षतिको आंकलनको परिधिमा रही प्राधिकरण एवं सम्बध्द कार्यान्यवन निकायहरुले तय गरेको कार्यविधि, ढाँचा, नर्म्स, स्टाण्डर्ड एवं डिजाइन अनुरुप भौगोलिक क्षेत्र सुहाउंदो संरचनाको पुनर्निर्माण गर्ने गरी संचालन गर्नुपर्नेछ । जीविकोपार्जन सम्बन्धी कार्यक्रम संचालन गर्दा मानवीय सहायताको अन्तर्राष्ट्रिय सिद्धान्त समेतलाई ध्यानमा राखी गर्नुपर्नेछ ।

(७) साझेदार संस्थाहरुले प्राधिकरण वा मातहत निकायबाट अनुमति लिएपछि शहरी क्षेत्रको हकमा ७ दिनभित्र तथा ग्रामीण क्षेत्रको हकमा १५ दिनभित्र सम्बन्धित उपक्षेत्रीय कार्यालय एवं तोकिएका कार्यान्वयन निकायहरुसँग समन्वय गरी कार्य आरम्भ गरेको हुनु पर्नेछ ।

(८) साझेदार संस्थाहरुले गरेको सम्पूर्ण खर्चको हिसाव किताव गैरसरकारी संस्थाको लेखाको मान्य सिद्धान्त बमोजिम तयार गरी अनिवार्य रूपमा रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ । साथै सञ्चालन भएका आयोजनासँग सम्बन्धित लाभान्वित समूह तथा सरोकारवालाहरुका बीचमा आवधिक रूपमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गराई सो को जानकारी प्राधिकरणलाई समेत गराउनु पर्नेछ ।

(९) भूकम्प प्रभावित क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुलुकको राष्ट्रिय अखण्डता, सार्वभौमिकता, जातजाति, समुदाय, धार्मिक र सामाजिक सद्भावमा खलल पुऱ्याउने वा राष्ट्रिय सुरक्षा नीतिका साथै स्थानीय संस्कृतिको प्रतिकूल हुने गरी कुनै पनि कार्यक्रम सञ्चालन गर्न पाइने छैन। निश्चित धर्म, सम्प्रदाय, क्षेत्रीयता तथा राजनीतिक आस्थाका आधारमा कार्यक्रम सञ्चालन गर्न पाइने छैन। त्यस्तै सञ्चालन गरिएको कार्यक्रमबाट कुनै प्रकारको व्यापारिक लाभ, विज्ञापन, प्रचार प्रसार आदि समेत गर्न पाइने छैन ।

(१०) पुनर्निर्माण, पुनर्स्थापना तथा जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्दा प्राधिकरणबाट तोकिएको प्रयोजन, स्थान वा समूहको लागि बाहेक अन्य प्रयोजन, स्थान वा समूहका लागि स्रोत परिचालन गर्न पाइने छैन ।

(११) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले स्वदेशमा उपलव्ध हुन नसक्ने विशेषज्ञ जनशक्ति र सामग्री बाहेक अन्य सबै जनशक्ति र सामग्रीहरु स्वदेशबाटै परिचालन गर्नुपर्नेछ । पुनर्निर्माणका लागि आवश्यक पर्ने विदेशी जनशक्तिलाई भिषा प्रयोजनका लागि प्राधिकरणले आवश्यकता र औचित्य हेरी सिफारिस गर्न सक्नेछ । यसका लागि नियमानुसार आवश्यक पर्ने कार्य अनुमति पत्र सम्बन्धित निकायबाट प्राप्त गर्नुपर्नेछ ।

(१२) पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाहरुले सम्बद्ध कर्मचारीहरुको पारिश्रमिक तथा सेवा सुविधा तोक्दा निर्धारित मापदण्ड भित्र रही एक अर्को संस्थासँग समान सेवा सुविधा हुने गरी तोक्नु पर्नेछ ।

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको ओभरहेड खर्च, जनशक्ति व्यवस्थापन तथा संचालन खर्च कूल परियोजना लागतको २० प्रतिशत भन्दा बढी हुने छैन ।

(१४) पुनर्निमाण तथा पुनर्स्थापना कार्यक्रममा संलग्न साझेदार संस्थाहरुको कार्य सञ्चालनमा सरलीकरणका लागि प्राधिकरणले समाज कल्याण परिषद् लगायतका निकायहरुसँग आवश्यक समन्वय एवं सहजीकरण गर्नेछ । यस प्रयोजनका लागि प्राधिकरणको नेतृत्वमा समाज कल्याण परिषद्, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय, कार्यक्रमसँग सम्बद्ध मन्त्रालय, विभाग एवं आयोजना

कार्यान्वयन इकाईहरु तथा साझेदार संस्थाहरुको प्रतिनिधिमूलक प्रतिनिधित्व हुने गरी साझेदार संस्था सहजीकरण समिति गठन गरिनेछ । उक्त समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

(१५) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्य गर्दा अनिवार्य रुपमा कम्तिमा एक राष्ट्रिय गैरसरकारी संस्था सँगको साझेदारीमा कार्य गर्नु पर्नेछ ।

## परिच्छेद ३

## परियोजना प्रस्ताव तथा स्वीकृतिको प्रक्रिया

८. **परियोजना प्रस्ताव** :

(१) भूकम्प प्रभावित क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहने साझेदार संस्थाहरुले अनुसूची १ को ढाँचामा निवेदन तथा आफूले सञ्चालन गर्न चाहेको कार्यक्रमको विस्तृत खाका सहितको परियोजना प्रस्ताव प्राधिकरणमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना प्रस्ताव गर्दा निम्नानुसारको रीत पुगेको हुनुपर्नेछ :

क) दफा ७(२)(क) बमोजिम प्राधिकरणले सिफारिस गरेको लाभग्राहीहरु बसोबास गरेको जिल्लामा क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

ख) प्राधिकरणबाट तत्काल स्वीकृत भई कार्यान्वयनमा रहेका सबै प्रकारका नीति, निर्देशिका, कार्यविधि आदि अनुकूल हुने गरी प्रस्ताव गर्नुपर्नेछ ।

ग) परियोजना प्रस्ताव पेश गर्ने संस्था नेपाल कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ ।

घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको हकमा समाज कल्याण परिषद्मा सूचीकृत भई आयोजना अवधिभर नियमित रुपमा नवीकरण समेत भएको हुनुपर्नेछ ।

९. **प्रस्तावको छनौट:** (१) दफा ८ बमोजिम प्राप्त हुन आएका प्रस्तावउपर सम्बन्धित महाशाखा तथा आवश्यकता अनुसार विषयविज्ञबाट समेत राय परामर्श लिई यस कार्यविधिको दफा २ मा उल्लेख भएको उद्देश्य अनुरुपको प्रस्ताव मात्र स्वीकृत गरिनेछ ।

(२) एउटै विषय र एउटै भौगलिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न दुई वा दुईभन्दा बढी प्रस्ताव सहित परियोजना प्रस्ताव प्राप्त भएमा निम्न आधारमा छनौट गरिनेछ:

(क) खर्च गर्न कबुल गरिएको रकम,

(ख) सम्बन्धित क्षेत्रमा काम गरेको संस्थागत कार्यानुभव,

(ग) सम्बन्धित क्षेत्रमा काम गरेको जनशक्तिको कार्यानुभव,

(घ) पहिले कार्य गरेको हकमा कार्य सम्पादन मूल्यांकनको अवस्था ।

(३) प्रस्ताव छनौट सम्बन्धमा प्राधिकरणले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) कार्यक्रम सञ्चालन गर्दा प्राथमिकीकरणको आधार भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन तथा नियमावली, २०७२ बमोजिम हुनेछ ।

(५) छनौटमा नपरेका प्रस्तावदाताहरुलाई प्राधिकरणले सम्बन्धित संस्थासँग छलफल गरी अन्य भौगोलिक क्षेत्र तथा कार्यक्षेत्रमा कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) प्रस्तावित परियोजना छनौटका लागि सिफारिश गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :

| | |
|---|---|
| प्राधिकरणको नीति, योजना, अनुगमन तथा बैदेशिक सहायता समन्वय महाशाखाको सहसचिव | – संयोजक |
| प्राधिकरणको सम्बन्धित महाशाखा प्रमुख | – सदस्य |
| उप सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| समाज कल्याण परिषद्को कम्तीमा रा.प.द्वितीय श्रेणीका प्रतिनिधि | – सदस्य |
| सम्बन्धित मन्त्रालय, विभाग एवं कार्यान्वयन इकाई को कम्तिमा उपसचिव स्तरको प्रतिनिधि | – सदस्य |
| प्राधिकरणको वैदेशिक सहायता समन्वय तथा बजेट व्यवस्थापन शाखा उपसचिव | –सदस्य सचिव |

७) यस समितिमा आवश्यकता अनुसार प्रस्तावसंग सम्बन्धित अन्य क्षेत्रगत मन्त्रालय, आयोजना कार्यान्वयन इकाई एवं आयोजना प्रस्तावसँग सम्बन्धित विषय विज्ञलाई समेत आमन्त्रण गर्न सकिने छ ।

८) प्रस्ताव बुझाउने अन्तिम मिति समाप्त भएको मितिले ७ दिन भित्र सिफारिस समितिले प्रस्तावउपर मूल्यांकन गरी कार्यकारी समितिमा सिफारिश गरिसक्नु पर्नेछ ।

९) कार्यकारी समितिले प्राप्त सिफारिश स्वीकृत गर्न वा स्वीकृतिका लागि अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **गैरसरकारी संस्थाहरुसंग सम्झौता गर्ने** : परियोजना प्रस्ताव स्वीकृत भएपछि भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली, २०७२ को नियम ५ को उपनियम (८) मा व्यवस्था भए अनुसार अनुसूची २ वमोजिमको ढाँचामा प्राधिकरणले त्रीपक्षीय सम्झौता गर्नेछ । उक्त अनुसूची तथा यस कार्यविधिमा समावेश अन्य अनुसूचीहरु यस कार्यविधिको अभिन्न अंगका रुपमा रहनेछन्।

११. **<u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन</u>** : (१) साझेदार संस्थाले आफूले सञ्चालन गरेको कार्यक्रमको मासिक प्रतिवेदन प्राधिकरणको उपक्षेत्रीय कार्यालय वा प्राधिकरणद्वारा तोकिएको निकाय एवं सम्बध्द कार्यान्वय निकाय समक्ष अनुसूची ३ को ढाँचामा पेश गर्नुपर्ने छ ।

(२) साझेदार संस्थाहरुले गरेको कार्यको अनुगमन तथा मूल्यांकन प्राधिकरणको उपक्षेत्रीय कार्यालय एवं सम्बन्धित जिल्लास्तरीय आयोजना कार्यान्वयन इकाई वा तोकिएको कार्यान्वयन निकायमा आवधिक रुपमा गर्नेछन् ।

(३) आवश्यकतानुसार प्राधिकरणको केन्द्रीय कार्यालयले आवधिक रुपमा अनुगमन गर्न/गराउन सक्नेछ ।

(४) आफ्नो कार्यक्षेत्रमा दफा ९ बमोजिम स्वीकृति प्राप्त गरी भएका कामहरुको आवधिक प्रतिवेदन उपक्षेत्रीय कार्यालयहरुले प्राधिकरणमा चौमासिक रुपमा पेश गर्नेछन् ।

## परिच्छेद -४

### विविध

१२. **<u>जानकारी नदिने संस्थालाई काम रोक्न आदेश दिनसक्ने</u>** : (१) प्राधिकरण र मातहत निकायहरुले आफ्नो कार्यक्षेत्रमा क्रियाशील साझेदार संस्थाबाट परियोजनासँग सम्बन्धित विभिन्न विषयको जानकारी माग गर्न सक्नेछन् ।

(२) तोकिएको समयभित्र उपदफा (१) बमोजिम माग भएको जानकारी उपलव्ध नगराउने, स्वीकृति बमोजिमको कार्यक्रम सञ्चालन नगर्ने र प्रगति विवरण समयमा उपलब्ध नगराउने साझेदार संस्थालाई प्राधिकरणले निश्चित अवधिको लागि काम रोक्ने आदेश दिन सक्नेछ । यस्तो संस्थाको प्रवेशाज्ञा रोक्ने, नवीकरण गर्न रोक लगाउने, संस्था र सम्बन्धित व्यक्तिलाई कालो सूचिमा राखी सार्वजनिक समेत गरिनेछ ।

(३) प्राधिकरणले यसरी काम रोक्ने आदेश गरेको जानकारी सम्बन्धित केन्द्रीय आयोजना कार्यान्वयन इकाई र समाज कल्याण परिषद्मा आदेश गरेको ७ (सात) दिनभित्र पठाउनु पर्नेछ ।

**१३.<u>सम्झौता खारेज गर्ने:</u>** कुनै साझेदार संस्थाले यस कार्यविधिमा भएको व्यवस्था प्रतिकूल हुने कुनै कार्य गरेको पाइएमा सफाई पेश गर्ने मौका दिई प्राधिकरणले त्यस्तो संस्थासंग गरेको सम्झौता खारेज गरी सोको सार्वजनिकीकरण समेत गरी सो को जानकारी समाज कल्याण परिषद् र सम्बन्धित साझेदार संस्थालाई दिनेछ ।

**<u>१४. कार्यविधिमा परिमार्जन तथा संशोधन:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा कार्यकारी समितिले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**<u>१५. निर्देशन दिन सक्ने</u>** :आयोजना कार्यान्वयनको सन्दर्भमा प्राधिकरणले साझेदार संस्थालाई निर्देशन दिन सक्नेछ । त्यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१६. <u>साझेदार संस्था समन्वय समिति :</u>** (१) पुनर्निर्माण, पुनर्स्थापना, जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालनका लागि साझेदार संस्था तथा स्थानीय गैर सरकारी संस्थाहरुसँग समन्वय गर्न र कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न देहाय बमोजिमको एक साझेदार संस्था समन्वय समिति गठन गरिनेछ :

| | |
|---|---|
| प्रमुख कार्यकारी अधिकृत | संयोजक |
| कार्यकारी समितिका विज्ञहरु | सदस्य |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्था एवं सहयोग दाताका प्रतिनिधिहरु तीन जना | सदस्य |
| सम्बन्धित मन्त्रालय, आयोग तथा निकायका सचिवहरु | सदस्य |
| प्राधिकरणका सचिव | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यहरुको मनोनयन प्राधिकरणले गर्नेछ र उक्त समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१७. सहजीकरण गर्न सकिने :** (१) यस कार्यविधिको दफा १० बमोजिम अनुसूची २ को ढाँचामा त्रीपक्षीय सम्झौता गरी पुनर्निर्माणको कार्यमा क्रियाशील रहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई प्राधिकरणले तोकेको क्षेत्रमा पुनर्निर्माणमा काम गरेको अवस्थामा प्राधिकरणले नविकरणका लागि समाज कल्याण परिषद्मा सिफारिस गर्नेछ ।

(२) सहजीकरण उपसमिति : यस कार्यविधि अनुरुप अन्तर्राष्ट्रिय संस्थाहरुको दर्ता, नवीकरण तथा दफा ७(११) अनुसार परियोजनामा संलग्न विदेशी नागरिकहरुको प्रवेशाज्ञा सिफारिसका लागि सहजीकरण गर्न निम्नानुसारको सहजीकरण सिफारिस उपसमिति रहनेछ :

| | |
|---|---|
| प्राधिकरणको नीति, योजना, अनुगमन तथा बैदेशिक सहायता समन्वय महाशाखाको सहसचिव | – संयोजक |
| गृहमन्त्रालय, सहसचिव | - सदस्य |
| श्रम तथा रोजगार मन्त्रालय, सहसचिव | -सदस्य |
| महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सहसचिव | - सदस्य |
| वैदेशिक सहायता समन्वय तथा बजेट व्यवस्थापन शाखा, उपसचिव | –सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको उपसमितिले आफ्नो कार्यविधि आफै तय गरी सहजीकरणको कार्य गर्नेछ । यसरी सहजीकरण गरिएका संस्थाहरुको दर्ता तथा नवीकरणमा समाज कल्याण परिषद्ले छोटो प्रकृया

अवलम्बन गरी दर्ता तथा नवीकरण गरिदिनुपर्नेछ । उक्त उपसमितिले गरेको सिफारिसको आधारमा गृह मन्त्रालय एवं अन्य सम्बध्द निकायले प्रवेशाज्ञाको कारवाही गरिदिनु पर्नेछ ।

## अनुसूची १

### पुनर्स्थापना, पुनर्निमाण तथा जीविकोपार्जनका लागि साझेदार संस्थाले प्रस्तुत गर्ने परियोजना प्रस्तावको नमूना

(दफा ७ को उपदफा १(ख) संग सम्बन्धित)

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
सिंहदरवार, काठमाडौं, नेपाल ।

विषय : परियोजना प्रस्ताव ।

महोदय,

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्धारा संचालन गरिने पुनर्स्थापना तथा पुनर्निर्माणको अभियानमा सहयोग गर्ने अभिप्रायले निम्न विवरणसहितको परियोजना प्रस्ताव स्वीकृतिको लागि अनुरोध गर्दछु/छौं ।

हस्ताक्षर:

नाम थर:

दर्जा:

साझेदार संस्था:

खण्ड (क) : परियोजना प्रस्ताव (दफा ७ को उपदफा १(ख) संग सम्बन्धित)

१. परियोजनाको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने व्यक्ति/संस्थाको नाम र ठेगाना :

३. परियोजनाको पृष्ठभूमि :

४. परियोजनाबाट लाभान्वित हुने व्यक्ति तथा समुदायको विवरण :

५. परियोजनाको उद्देश्य :

६. परियोजना कार्यान्वयन गर्ने स्थान :

७. परियोजनाको मुख्य क्रियाकलापहरु :

८. परियोजनाबाट अपेक्षित प्रतिफल र कार्य सम्पादन सूचकहरु:

९. परियोजना अवधि : .................... देखि ..................... सम्म

१०. परियोजना लागत : *(सञ्चालन खर्च र कार्यक्रम खर्चको अनुपात ओभरहेड समेत खुल्नेगरी)*

११. सहायताको स्रोत:

१२. खर्च गर्ने तरिका:

१३. स्थानीय विकास साझेदारहरु :

१४. सहायताको प्रकार :*(नगद, जिन्सी र अन्य)*

१५. परियोजनासँग सम्बन्धित मन्त्रालय/ आयोजना कार्यान्वयन इकाई :

१६. परियोजना कार्यान्वयन सम्वन्धी अन्य विवरण *(यस अन्तर्गत सम्झौताका पक्षहरुको दायित्व र कार्यविधिमा उल्लेख गरिएका विषय कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरु उल्लेख गर्नुपर्नेछ )*

१७. वहिर्गमन नीति :

१९. अन्य सान्दर्भिक विवरण : (कुनै भए)

---

खण्ड (ख) : स्वयम् घोषणा (दफा ७ को उपदफा १(ग) संग सम्बन्धित)

---

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्धारा गरिने पुनर्निर्माण तथा पुनर्स्थापना एवं जीविकोपार्जन कार्यमा सहयोग गर्ने इच्छा भएकोले सहयोग सम्वन्धी सम्झौताको अभिन्न अंगको रुपमा समावेश हुने गरी परियोजना प्रस्तावक साझेदार संस्था ........................................को तर्फबाट देहायका कुराहरुको स्वयम् घोषणा गर्दछु /छौं :

१. प्रस्तुत सहायताको लागि आवश्यक पर्ने रकम आफ्नै स्रोतबाट परिचालन गर्ने छु/छौ । स्थानीय स्तरबाट रकम संकलन गरिने छैन ।

२. सहयोग रकम प्रचलित कानून बमोजिमको वैध स्रोतबाट प्राप्त भएको हो । मुद्रा निर्मलीकरण सम्वन्धी कानून विपरीत सहयोग परिचालन भएको छैन ।

३. सम्झौता अनुरुप कार्य सम्पादन गर्न स्रोत उपलव्ध छ । सम्झौता पछि यसका लागि स्रोतको छुट्टै खोजी गर्नु पर्ने छैन ।

४. परियोजना कार्यान्वयन गर्दा स्थानीय साझेदार संस्था वा सामुदायिक संस्था परिचालनको माध्यमबाट सकभर स्थानीय सीप, स्रोत, साधन, प्रविधि तथा जनशक्तिको उपयोग गरिनेछ ।

५. परियोजना कार्यान्वयन गर्दा ***पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२*** मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्ने छु/छौ ।

६. परियोजना कार्यान्वयन प्रकृया तथा अपेक्षित प्रतिफल एवं कार्य सम्पादन मूल्यांकनका आधारमा प्राविधिकद्धारा हुने कार्य सम्पादनको परीक्षण कार्यमा पूर्ण सहयोग गर्ने छु/गर्नेछौं ।

७. उपर्युक्त घोषणा विपरीत भए गरेको प्रमाणित भएमा प्रचलित कानून वमोजिम सजाय भोग्न तयार छु /छौं ।

परियोजना प्रस्तावक संस्थाको नाम : ..................................................................

सम्पर्क ठेगाना : ..........................................................................

संस्थाको आधिकारिक व्यक्तिको नाम थर: ...............................................,

पदः ...................................

हस्ताक्षर : ..........................................................................

प्रस्तावकको स्थानीय अधिकृत प्रतिनिधि संस्था: .........................................

प्रतिनिधि संस्थाको आधिकारिक व्यक्तिको नाम, थर : ............................, पदः .....

सम्पर्क टेलिफोन/ मोवाइल नं. ..............................................................

ईमेल.....................................................................................................

हस्ताक्षरः...............................................

मितिः .....................................

परियोजना प्रस्तावक र सहयोगदाता संस्था भए छापः

## अनुसूची २

## पुनर्स्थापना एवं पुनर्निमाणका लागि गैरसरकारी संस्थासंग गरिने सम्झौताको नमूना

(दफा १० संग सम्बन्धित)

… … … … … … … … … परियोजना कार्यान्वयनको लागि

… … … … … … … (प्रथम पक्ष), … … … … … … (द्वितीय पक्ष)

तथा … … … … … … (तृतीय पक्ष) बीच भएको

**त्रिपक्षीय सम्झौता पत्र**

आज मिति २०.. ।… । … का दिन … … … … … (सम्झौता भएको स्थान)मा निम्न साक्षीहरुको रोहवरमा … … … … … … (परियोजनाको नाम) परियोजना सञ्चालन गर्नका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ( यसपछि प्रथम पक्ष भनिएको), … …. … … … .. स्थानमा कार्यालय भएको . … … … … … … मन्त्रालय/विभाग/कार्यालय (यसपछि द्वितीय पक्ष भनिएको) तथा … … … … … … … … … … स्थायी ठेगाना भएको साझेदार संस्था. … … … … … …… … … (यसपछि तृतीय पक्ष भनिएको) बीच देहायमा उल्लिखित शर्तहरुको अधीनमा रही प्राधिकरणद्वारा गत मिति ……………मा स्वीकृत भएको परियोजना प्रस्ताव बमोजिम कार्यक्रम सञ्चालन गर्नको लागि सहकार्य गर्न सहमति कायम गरी यो त्रिपक्षीय सम्झौता गरिएको छ ।

## सम्झौताका शर्तहरु

१) परियोजना सञ्चालनको क्रममा सबै पक्षले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।

२) तेश्रो पक्षद्धारा प्रस्तावित एवं प्रथम पक्षद्धारा स्वीकृत गरिएको यसै साथ संलग्न अनुसूचि १ बमोजिमको परियोजना प्रस्ताव अनुरुपका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नु तेश्रो पक्षको कर्तव्य हुनेछ ।

३) परियोजना सञ्चालन गर्ने सन्दर्भमा दोश्रो पक्षले तेश्रो पक्षलाई आफ्नो विषयगत विज्ञताका क्षेत्रमा राष्ट्रिय नीति, नियम, भवन संहिता, निर्देशिका आदिको पालना गर्न गराउनका लागि समय समयमा निरीक्षण, अवलोकन, सरसल्लाह, सुझाव तथा निर्देशन दिन सक्नेछ । दोश्रो पक्षले दिएको निर्देशनको पालना गर्नु/गराउनु तेश्रो पक्षको कर्तव्य हुनेछ ।

४) परियोजना सञ्चालन गर्ने सन्दर्भमा तेश्रो पक्षले प्रथम पक्षसंग नीतिगत विषयहरुमा तथा दोश्रो पक्षसंग कार्यक्रम संचालनको सम्बन्धमा सुझाव माग गर्न सक्नेछ । यसरी माग भएको सुझाव उपयुक्त समयभित्र दुबै पक्षले तेश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ । यस प्रयोजनको लागि आवश्यक पर्ने स्रोतसाधन जुटाइदिने कार्य तेश्रो पक्षले गर्नुपर्नेछ ।

५) प्रथम पक्षले यस सम्झौताको कार्यान्वयनको समग्र अनुगमन तथा मूल्यांकन गरी तेश्रो पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस कार्यमा प्रथम पक्षले द्धितीय पक्षबाट आवश्यक विषयगत राय तथा सुझाव लिन सक्नेछ ।

६) परियोजनाको लागि प्राप्त हुने सहयोग रकम तथा जिन्सी सरसामानको दुरुपयोग हुन नदिनको लागि तीनै पक्षले सहकार्य तथा समन्वय गर्नेछन् ।

७) परियोजना कार्यान्वयनको सन्दर्भमा कुनै विषयमा समस्या देखा परेमा तीनै पक्षबीच सहमति कायम गरी यस त्रिपक्षीय सम्झौतामा संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

८) यस सम्झौता कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा तीनै पक्षबीच आपसी समझदारीबाट विवादको समाधान गरिनेछ । तर यसरी आपसी समझदारी कायम हुन नसकेमा प्राधिकरणको कार्यकारी समितिबाट गरिने निर्णय अन्तिम हुनेछ ।

९) भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७२ ले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई दिएको अधिकार प्रयोग गर्नबाट यस सम्झौताले प्रथम पक्षलाई कुनै बाधा पार्ने छैन।

| राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तर्फबाट | (द्वितीय पक्ष)को तर्फबाट | (तृतीय पक्ष)को तर्फबाट |
|---|---|---|
| पूरा नाम, थर : | पूरा नाम, थर : | पूरा नाम, थर : |
| ...................... | ...................... | ...................... |
| पद : ................ | पद : ..................... | पद : ..................... |
| कार्यालयको छाप : | कार्यालयको छाप | कार्यालयको छाप |
| साक्षी | साक्षी | साक्षी |
| ....................... | ....................... | ......................... |
| पूरा नाम, थर : | पूरा नाम, थर : | पूरा नाम, थर : |
| ........................ | ....................... | .......................... |
| पद : ................. | पद : ................ | पद : ................... |

अनुसूची ३

## मासिक प्रगति प्रतिवेदनको ढाँचा

(दफा ११ को उपदफा (१) संग सम्बन्धित)

… … … … … … … परियोजना

… … … **महिनाको मासिक प्रगति प्रतिवेदन**

आ.व. … … … … … … …

परियोजना प्रमुख :

परियोजनाको क्षेत्र : (क) भौगोलिक : … … … … … (ख) विषयगत … … … … …

| क्र. सं. | आयोजना | प्रमुख गतिविधि | कार्य सम्पादन सूचक | परियोजनाको लक्ष्य | | | | | | अद्यावधिक प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समग्र परियोजना | | वार्षिक | | चौमासिक | | | |
| | | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने :

रुजु गर्ने :

प्रमाणित गर्ने :